Global Network of Victims and Survivors to End Wartime Sexual Violence

# सिआरएसभी (CRSV) को अन्त्य गर्न रातो धर्का कोरौं – सक्रियताको लागी आव्हान

***सेमा (SEMA), युद्दकालिन समयमा यौनजन्य हिंसाका पिडित र जिवित भुक्तभोगी (survivors) हरूको विश्व सञ्जालले जारी गरेको***

**सेमा,** युद्दकालिन समयमा यौनजन्य हिंसाका पिडित र जिवित भुक्तभोगी (survivors) हरूको विश्व सञ्जाल, द्वन्दको समयमा यौनजन्य हिंसालाई प्रयोग नगर्ने, र एक राज्यले अर्को राज्यलाई जवाफदेही बनाउने, यौनजन्य हिंसाले पुर्याउने गम्भिर हानीको रोकथाम गर्न, त्यसका उपर प्रतिक्रिया दिन, र उपचार गर्नुपर्ने राज्यको अन्तरराष्ट्रिय दायित्वको पालना गर्ने विश्वको लागी संघर्षरत छ।

**हामी,** सेमा सदस्यहरूमा[1] द्वन्द-कालिन समयमा यौनजन्य हिंसालाई गरिने प्रयोगको अन्त्य गर्न अन्तरराष्ट्रिय समुदायको शताब्दी लामो असफलताले गर्दा गहिरो क्रोध र निराशा छ।

**हामी,** सेमा सदस्यहरूले हाम्रो आफ्ना-आफ्नो देशमा रहेका पिडित र जिवित भुक्तभोगी (survivors) हरूको सञ्जालसँग परामर्श गर्दै द्वन्दकालिन समयमा यौनजन्य हिंसाको निरन्तर प्रयोग, र यस्ता कार्यहरूको लागि राज्य र व्यक्तिहरूमा विधमान दण्डहिनता, र अन्तरराष्ट्रिय समुदायले द्वन्दसँग सम्बन्धीत यौनजन्य हिंसागत कार्य हुनबाट रोक्न र भएको अवस्थामा तदरूकताकासाथ अर्थपूर्ण कदमहरू चाल्न निरन्तर रूपमा असफल भएको विरुद्द आवाज उठाउनेछौं।

**हामी** र न्याय, जवाफदेहिता र निवारणको लागि हाम्रो संघर्षलाई समर्थन-सहयोग गर्ने अन्य पक्षहरूले **मात्र यो संघर्ष गर्न सक्दैनन्। हामी राज्यहरूको ठोस कदमको माग गर्दछौं।**

**सेमाले** सक्रिय हुनको लागि गरेको यो आव्हानको उद्देश्य हाम्रो जिवनलाई सुधार्नको लागि मात्र नभई यसले यस्तो हिंसा आज र भोलीको समयमा यस्ता हिंसाको जोखिममा परेकाहरूलाई यस्तो स्थितिबाट अरूले गुज्रन नपरोस् भन्ने हो। हामी सबैको साथमा छौं र द्वन्द सम्बन्धीत यौनजन्य हिंसाको अन्त्यको लागी गरिने संघर्षलाई निरन्तरता दिनेछौं।

## *प्रतिस्थापना*

द्वन्द सम्बन्धीत यौनजन्य हिंसा भइरहनु र त्यसबाट पिडित, जिवित भुक्तभोगी (survivors), उनीहरुका बालबालिका, परिवार र समुदायहरूमा हुने गम्भिर तथा दर्दनाक दुष्परिणामहरूको बारेमा **गहन सरोकार राख्दै;**

आफ्नो राष्ट्रिय परिवेश र अन्तरराष्ट्रिय रूपमा, पिडित, जिवित भुक्तभोगी (survivors) ले, किनशासा घोषणापत्र (Kinsasa Declaration) सहित गरिसकेका अमुल्य कामहरूलाई **कदर गर्दै, त्यसलाई बढोत्तर गर्दै, र पूर्ण समर्थन गर्दै** आफ्ना भोगाइलाई अगाडी ल्याउनेहरूको साहसको पनि हामी कदर गर्दै;

द्वन्द-सम्बन्धीत यौनजन्य हिंसाको रोकथाम सम्बन्धी संयुक्त राष्ट्र संघीय एक्शन ढाँचा (UN Action's Framework for the Prevention of Conflict-related Sexual Violence) र मुराद कोड (Murad Code) जस्ता महत्वपूर्ण अन्तरराष्ट्रिय पहलकदमीको पनि **कदर गर्दै;**

द्वन्द-सम्बन्धित यौनजन्य हिंसाको सम्बोधनका लागि असंख्य कानूनी दायित्वहरू भएतापनि, यस्ता हिंसा व्यापक तवरमा निरन्तर हुने; यस्ता दायित्वहरूको गम्भिर पालनाको अभाव हुनु, र परिपूरणको प्रक्रियामा पिडित, जिवित भुक्तभोगी (survivors) को अर्थपूर्ण सहभागिता नभएकोले हामी लागु गर्नको लागि गम्भिर आक्रोश **व्यक्त गर्दै;**

न्याय र जवाफदेहिताका प्रयासहरू विशेष रूपले व्यक्ति केन्द्रित हुँदै राज्यको जिम्मेवारीप्रति उचित ध्यान नदिनुमा **थप चिन्ता** व्यक्त गर्दै;

जिवित भुक्तभोगी (survivors) द्वारा कारवाहीको लागि असंख्य आवाज उठाएतापनि, हाम्रा आवाजहरूलाई प्राय: गरेर सुनिंन्दैन र द्वन्द सम्बन्धित यौनजन्य हिंसाले व्यक्ति र समुदायहरूमा आउने सामाजिक लाञ्छना र विभेद सहितका अन्य असरलाई उचित रूपमा स्विकार नगरेकोमा **गम्भिर चासो व्यक्त गर्दै;**

सबै प्रतिक्रिया वा तदरूकता पिडित र जिवित भुक्तभोगी (survivors) हरू केन्द्रित हुनुपर्दछ र द्वन्द-सम्बन्धीत यौनजन्य हिंसाको सम्बोधन गर्ने सारा कदमहरूको विकास गर्दा सहभागी हुन पाउनु उनीहरूको अधिकार हो भन्ने **स्मरण गराउँदै;**

---

[1] सेमा सञ्जालमा बंगलादेश, बोस्निया एण्ड हर्जगोभिना, बुरून्डी, सेन्ट्रल अफ्रिकन रिपब्लिक, कोलोम्बिया, डेमोक्रेटिक रिपब्लिक अफ कंगो, ग्वाटेमाला, गिनिया, इराक, आइभोरी कोष्ट, केन्या, कोसोभो, लिबिया, लाइबेरिया, माली, नेपाल, नाइजेरिया, रुवान्डा, दक्षिण कोरिया, दक्षिण सुडान, सिरिया, उगान्डा, युक्रेन, जिम्बावे https://www.semanetwork.org/

## सक्रियताको लागि आव्हान

पिएसभीआई (PSVI) सम्मेलनमा राज्यहरू भेला हुँदै गर्दा, ति सबलाई द्वन्द सम्बन्धीत यौनजन्य हिंसा रहित विश्वको सिर्जना गर्न सेमासँग काम गर्नको लागि आव्हान गर्दछ। सेमाले राज्यहरूलाई निम्न कुरा गर्न आव्हान गर्दछ:

**रोकथाम**

१) द्वन्द-सम्बन्धीत यौनजन्य हिंसाको रोकथाम सम्बन्धी ढाँचाको कार्यान्वयन गर्नुका साथै द्वन्द-सम्बन्धीत यौनजन्य हिंसाका सुचकहरूको रोकथाम गर्ने राष्ट्रिय योजनाको विकास वा बलियो बनाउनुपर्दछ; अन्तरराष्ट्रिय, राष्ट्रिय, र सामुदायिक तहमा कदमहरू चालिएको हुनुपर्दछ; र यौनजन्य हिंसा र विभेद र लाञ्छनालाई दोहोरिन नदिने रोकथामका कदमहरू पनि चाल्ने ।

पिडित र जिवित भुक्तभोगी (survivors) हरूले लाञ्छनालाई रोक्नका लागि गरेका महत्वपूर्ण कामहरूको समर्थन गर्ने।

**तदरूकता**

१) जिवित भुक्तभोगी (survivors) हरूको समूह र सञ्जाललाई एकसाथ आउन र आफ्नो आवाज उठाउन, उनीहरूको सत्यलाई बताउन, र उनीहरू आफै र उनीहरूका समुदायहरूलाई समाधान खोज्न र पैरवी गर्न पूर्ण समर्थन गर्ने।

२) जिवित भुक्तभोगी (survivors) र पिडितहरूले आफ्नो जिवनलाई बिउँताउन सकुन्, आफ्ना समुदायहरूसँग पुन:मिलन हुन सकुन्, र उनीहरूलाई आउने थप लाञ्छना र हुने हानीको रोकथाम गर्नको लागि जिवित भुक्तभोगी (survivors) र पिडितहरू केन्द्रित समग्र हेरचाह र परिपूरणको व्यवस्था गर्ने।

३) जिवित भुक्तभोगी (survivors) हरू र उनीहरूको समूहलाई अन्तरराष्ट्रिय समुदायसँग सम्पर्क वा सक्रिय हुन रोक्ने प्रवेशाज्ञा (भिषा) मा रोक र आर्थिक स्रोतको अभाव जस्ता सबै बाधाहरूलाई हटाउने।

४) मुराद कोडको कार्यान्वयन गर्नुका साथै यसलाई स्थानिय भाषाहरूमा अनुवाद गर्ने, र राज्यका सबै पक्षहरूलाई यस विषयमा तालिम दिने र उनीहरूले जिवित भुक्तभोगी (survivors) हरू र पिडितहरूसँग सम्पर्क र संलग्न हुँदा त्यसका मापदण्डहरूको कार्यान्वयन गर्ने।

५) शान्तिको विकास र मेलमिलापका स्थानिय प्रयासहरूलाई समर्थन गर्ने। शान्तिको विकास र मेलमिलापका प्रयासहरूले घटेका अपराध र मानवअधिकारका उल्लंघनलाई स्विकार्नुपर्दछ र द्वन्द-सम्बन्धीत यौनजन्य हिंसाका जिवित भुक्तभोगी (survivors) हरूलाई चुप लगाउन प्रयोग गरेको हुनुहुन्न।

**न्याय र जवाफदेहिता**

१) उच्च-तहका नेताहरू सहित अन्य राज्यहरूलाई उनीहरूले प्रवेश गरेका कानूनी दायित्वहरूप्रति जवाफदेही बनाउँदै यस्ता हिंसामा संलग्न वा यस्तो हुन दिनेहरूको विरूद्द सशक्त नाकाबन्दी र अन्य दण्डनीय कदमहरूलाई सशक्त चेतावनी दिने। यौनजन्य हिंसा हुन दिने वा त्यसलाई प्रयोग गर्ने गरेको शंकामा परेकाहरूलाई अन्तरराष्ट्रिय समुदायले स्वागत नगर्ने।

२) अनुसन्धान र अभियोजनहरूलाई समयमा नै गरेको सुनिश्चितता गर्ने र त्यस्ता कार्यले बेपत्ता पारिएका व्यक्ति र कमजोर जनसंख्या विरूद्द गरिएका अपराधहरू, जस्तै विस्थापित व्यक्तिहरू र द्वन्दबाट भागेकाहरूलाई समेट्ने।

३) सुरक्षित आश्रय स्थलहरू समेत गरेर उचित सुरक्षाका कदमहरूको व्यवस्था गरेको सुनिश्चित गर्ने, र पहिचान हुने सुचना वा तथ्यांकलाई कडाइकासाथ सुरक्षित राख्ने।

४) राष्ट्रिय तहमा, न्याय र जवाफदेहीताका पहलकदमीलाई सबैभन्दा अगाडी कार्यान्वयन गर्ने।

**परिपूरण**

**१)** न्यायियक प्रक्रियाहरूले सधैं परिपूरणलाई समेटेको हुनुपर्दछ।

**२)** परिपूरणका प्रक्रियाहरूमा अर्थपूर्ण सहभागिताको माध्यमबाट परिपूरण र सह-सिर्जनाको अधिकार सम्बन्धी किनशासा घोषणापत्रलाई कार्यान्वयन गर्नुकासाथै **सबै** पिडित र जिवित भुक्तभोगी (survivors) बाट जन्मिएका बालबालिकाहरूको परिपूरणको अधिकार र परिपूरण प्रक्रियाका सबै भागहरूमा पिडित र जिवित भुक्तभोगी (survivors) हरूको सह-सिर्जनाको अधिकार समेट्ने।